# शुद्धिपत्र

| अशुद्ध | शुद्ध | पृष्ठ–पंक्ति |
|---|---|---|
| वि. सं. १९३४ | वि. सं. १९३३ | २९–१२ |
| हेमराज शाक्यद्वारा सम्पादित मिडिएभल नेपाल | हेमराज शाक्य तुलसीराम वैद्यद्वारा सम्पादित मिडिएभल नेपाल | ३५–२८ |
| वि. सं. २०३१ मा बुद्ध निर्वाण भएको १५१३ वर्ष हुन आउँछ | वि. सं. २०३१ मा बुद्ध निर्वाण भएको २५१३ वर्ष हुन आउँछ | ३५–३२ |
| भक्तपुर क्षमाहिटी टोलको अभिलेखबाट | चाँगुनारायणको अमृतदेवका पालाको अभिलेखबाट | ४९–२ |
| लिपिचित्र ३९ | लिपिचित्र ४१ | ५२–२७ |

# THE EVOLUTION OF DEVANAGARI SCRIPT

Shankar Man Rajbanshi

*Kathmandu*

# नेपाली लिपिविकास

## अक्षर तथा लिपिवर्णन

### अक्षरसृष्टि–

अक्षर ब्रह्माबाट सृष्टि भएको भन्ने आचार्यहरूको भनाइ छ [1]। विक्रमको सातौं शताब्दीमा भारतमा घुम्न आएका चीनिया यात्री हुयेनसाङले पनि भारतवर्षको वर्णमाला ब्रह्माबाट आएको हो, त्यसैको रूपान्तर अहिलेसम्म चलिरहेको छ भनी भनेका छन् [2]। यो कुरो गौरीशङ्कर हीराचन्द्र ओझाले पनि आफ्नो भारतीय प्राचीन लिपिमाला भन्ने पुस्तकमा उद्धरण गरेका छन् ।

### ब्राह्मी लिपिको उत्पत्ति–

जैनको पन्नवणासुत्त र समयांगसूत्रमा १८ लिपिको नाम[3] दिइएको छ । तिनमा सबभन्दा पहिलेको

---

[1] षाण्मासिके तु समये भ्रान्तिः सञ्जायते यतः ।
धात्राक्षराणि सृष्टानि पत्रारूढाण्यतः पुरा ।।
(वी. पु. च.ल. नं. ९७२ को ज्योतिषतत्त्व)

किन भने ६ महीनाको समयमा नै भ्रान्ति हुन जान्छ भने धेरै समयमा भ्रान्ति किन नहुनु, त्यसैले पहिले ब्रह्माजीले पत्रमा उतारिएका अक्षर सृष्टि गर्नुभयो ।

नाकरिष्यद्यदि ब्रह्मा लिखितं चक्षुरुत्तमम् ।
तत्रेयमस्य लोकस्य नाभविष्यत् शुभा गतिः ।।

(नारदस्मृति)

यदि ब्रह्माजीले अङ्कित उत्तम आंखा नबनाइदिनुभएको भए लोकको यस्तो असल गति हुने थिएन ।

[2] चीनिया यात्री ह्युएत्संग जिसने इ. सं. ६२९ सं. ६४५ तक इस देशकी यात्रा की लिखताहै कि भारतवासियोंकी वर्णमालाके अक्षर ब्रह्माने बनायेथे और उनको रूपरूपान्तर पहलेसे अबतक आरहे हैं ।

[3] बंभी, जवणालि (या जवणालिया) दोसापुरिया (या दोसापुरिया) खरोट्ठी (या खरोठी) पुक्खर सारिया, भोगवइया, पहाराइया, (या पहराइया), उयअंतरिक्खिया (या उयंतरकरिया), अक्खरपिट्ठिया (या अक्खर पुंठिया), तेवणइया (या वेणइया) गिरणिह्नइया, (याणिण्हतिया) अंकलिवि (या अंकलिक्खा) गणितलिवि (या गणितलिवि) गंधव्वलिपि, आदंसलिवि (या आयसलिवि) माहेसरी (या माहेस्सरी) दामिली और पोलिंदी (भारतीय प्राचीन लिपिमाला पृष्ठ १७ )

नाम बंभी (ब्राह्मी) छ । भगवतीसूत्रमा बंभी (ब्राह्मी) लिपिलाई नमस्कार गरेर (नमो बंभीए लिखिए) भन्ने सूत्रको प्रारम्भ गरेको छ । बौद्ध संस्कृत पुस्तकमा ललितविस्तर भन्ने पुस्तक छ । ललितविस्तरमा बुद्धको चरित्र छ । यो ग्रन्थ कहिले बन्यो भन्ने कुरा केही निश्चित छैन । यस पुस्तकको अनुवाद चीनमा भएको छ । यो अनुवाद वि. सं. ३६५ मा भएको थियो । त्यसमा ६४ लिपिको नाम[1] उल्लेख गरिएको छ । तिनमा पहिलो लिपिको नाम ब्राह्मी र दोस्रो लिपिको नाम खरोष्ट्री छ । लिपिको सृष्टि ब्रह्माबाट भएको भनी मानेको कुरा माथि बताइसकेको छ । सायद ब्रह्माबाट सृष्टि भएको लिपि हुनाले नै ब्राह्मी लिपि भन्ने नाम रहेको होला । मौर्यवंशी राजा अशोकका कतिपय टक शिलालेख पाइएका छन् । तिनमा उल्लिखित लिपिको नाम ब्राह्मी भन्ने चलन छ ।

## देवनागरी लिपिको उत्पत्ति–

ललितविस्तरमा उल्लिखित ६४ लिपिमा देवलिपिको पनि उल्लेख छ । तन्त्रशास्त्रको पुस्तकमा राष्ट्रिय पुस्तकालयको नं. ४६२८ को श्रीमतोत्तरतन्त्र भन्ने पुस्तक छ । त्यस पुस्तकमा लिपिको प्रत्येक वर्णका विभिन्न देवता अधिपति बताएको छ* । यो तन्त्रशास्त्र कुन समयमा बन्यो भन्ने कुरा विचारणीय छ । जे होस् देवताबाट लिपि सृष्टि भएर लिपिको वर्णमालाको अधिपति देवताहरू बनेका होलान् भन्ने अनुमान हुन्छ । ब्राह्मी लिपिबाट कालान्तरमा गएर विभिन्न लिपि बनेका छन् । लिपिको विकासक्रम हेरेमा सो कुरा थाहा पाइन्छ । ब्राह्मी लिपिको शाखा प्रशाखाको रूपले उत्पन्न भएको देवनागरी लिपि सायद देवता अधिपति भएको हुनाले नै देवनागरी लिपि भन्ने नामकरण भएको होला ।

---

1 ब्राह्मी, खरोष्ठी, पुस्करसारी, अंगलिपि, वंगलिपि, मगधलिपि, मांगल्यलिपि, मनुष्यलिपि, अंगुलीय लिपि, शकारिलिपि, ब्रह्मवल्लीलिपि, द्राविडलिपि, कनारिलिपि, दक्षिणलिपि, उग्रलिपि, संख्यालिपि, अनुलोमलिपि, ऊर्ध्वधनुलिपि, दरदलिपि, खास्यलिपि, चीनलिपि, हूणलिपि, मध्याक्षविस्तरलिपि, पुष्यलिपि, देवलिपि, नागलिपि, यक्षलिपि, गन्धर्वलिपि, किन्नरलिपि, महोरगलिपि, असुरलिपि, गरुडलिपि, मृगचक्रलिपि, चक्रलिपि, वायुमरुलिपि, भौमदेवलिपि, अंतरिक्षदेवलिपि, उत्तरकुरुद्वीपलिपि, अपरगौडादिलिपि, पूर्वविदेहलिपि, उत्क्षेपलिपि, निक्षेपलिपि, विक्षेपलिपि, प्रक्षेपलिपि, सागरलिपि, वज्रलिपि, लेखप्रतिलेखलिपि, अनुद्रुतलिपि, शास्त्रावर्तलिपि, गणावर्तलिपि, उत्क्षेपावर्तलिपि, विक्षेपावर्तलिपि, पादलिखितलिपि, द्विरुत्तरपदसंधिलिखितलिपि, दशोत्तरपदसंधिलिखितलिपि, अध्याहारिणीलिपि, सर्वरुत्संग्रहणीलिपि, विद्यानुलोमलिपि, विमिश्रितलिपि, ऋषितपस्तप्तलिपि, धरणीप्रक्षेपणालिपि, सर्वौषधनिष्यन्दलिपि, सर्वसारसंग्रहणीलिपि, सर्वभूतरुद्ग्रहणीलिपि (भारतीय प्राचीन लिपिमाला पृष्ठ १७)

## *स्वरवर्णका अधिपति–

अको श्रीकण्ठवागेश्वरी, आको अनन्तआमोटी, इको सूक्ष्मीशमायादेवी, ईको त्रिमूर्तीशगुह्यशक्ति, उको वरीशमोहनी, ऊको अर्धीशप्रज्ञा, ऋको हारभूमिनिवृत्ति, ॠको अतिथीशप्रतिष्ठा, ऌको स्थानुविद्या, ॡको हरशान्ति, एको रुण्टीश ज्ञानी, ऐको भूतीशक्रिया, ओको सद्योजातगायत्री, औको अनुग्रहीशसावित्री, अंको क्रूरेशशुक्रादेवी, अःको महासेनाइच्छा ।

## गुप्तलिपिको नामकरण—

भारतमा मौर्यसाम्राज्यको अन्त भएपछि गुप्तसाम्राज्यको आरम्भ भयो । वि. सं. ३८७-४३२ मा भारतमा समुद्रगुप्तको ठूलो दवदवा थियो । समुद्रगुप्तले भारतमा दिग्विजय गरेका थिए । त्यसपछि वि. सं. ४३२-४७१ मा चन्द्रगुप्तद्वितीय (विक्रमादित्य) का पालामा गुप्तसाम्राज्यको शक्ति चरम सीमामा पुगेको थियो । तिन ताक कलाको नयाँ ढङ्गबाट विकास भयो । ब्राह्मी लिपिको पनि क्रमश विकास हुँदै गयो । तिन ताक नयाँ ढङ्गको लिपि प्रचलनमा आइसकेको थियो । गुप्तसाम्राज्यको प्रभाव फैलिएको हुनाले तिन ताकको लिपि गुप्तलिपि भन्ने भयो । यो लिपि पछि गएर कुटिल लिपिमा परिणत भयो । त्यहीं कुटिललिपिबाट कालान्तरमा गएर नागरी शारदा लिपि निस्क्यो । यसरी गुप्तलिपिको शाखा प्रशाखाको रूपमा अनेकन लिपि निस्के ।

## लिच्छविलिपिको नामकरण—

जुन बखतमा भारतमा गुप्तसाम्राज्य थियो त्यस बखत नेपालमा लिच्छविको स्वतन्त्र राज्य थियो । यी लिच्छविले प्राचिन किरातवंशलाई पराजय गरी आफ्नो स्वतन्त्र राज्य स्थापना गरेका थिए । प्राचीन किरातवंशको ऐतिहासिक उपकरण प्राप्त भइसकेको छैन । लिच्छवि राजाहरूले आफूले गरेको काम तथा राज्यसंबन्धी सनद सवाल दुनियाँमा प्रचार गर्नाका लागि शिलापत्रमा कुँदायी ठाउँ ठाउँमा राख्ने गरेका थिए । यो कुरो शिलाभिलेखको अध्ययनबाट स्पष्ट थाहा हुन्छ । गुप्तसाम्राज्यताकाका भारतका शिलालेख र नेपालका लिच्छविकालका शिलालेखको तुलना गरी हेरेमा लिपिमा उत्तिको अन्तर पाइँदैन । लिच्छविकालमा नेपालमा चलेको लिपिलाई गुप्तलिपि नै भन्ने चलन थियो । वि० सं० २०१७ देखि नेपालसरकार पुरातत्त्व विभागबाट आफ्नै ढङ्गको नाम राख्नुपर्छ भनी लिच्छविकालको लिपिको लिच्छविलिपि भन्ने नामकरण भयो ।

नेपालमा लिच्छविअभिलेख अहिलेभन्दा करीब १५०० वर्ष पुरानो सम्म पाइएको छ, त्यो हो चाँगुको मानदेवको स्तम्भाभिलेख । अन्त्यमा गएर अन्दाजी विक्रमको नवौं शताब्दीको अन्त्य सम्म पनि लिच्छवि लिपिमा लेखिएका ताडपत्रका ग्रन्थ पाइन्छन् । तर लिपि पछि सम्म एकैनाशको भएर आएको छैन, प्राय शताब्दी पिच्छे भने जस्तो लिपिमा फरक फरक हुँदै आएको छ । त्यस्तो हुनु कुनै आश्चर्यको कुरो छैन । किन भने

---

## व्यञ्जन वर्णका अधिपति

कको क्रोधशंकटा, खको चण्डकालिका, गको प्रचण्डशिवा, घको शिवेशघोरामुखी, ङको एकरुद्रवीरा, चको कूर्मचामुण्डा, छको एकनेत्रछागली, जको चतुर्मुखजयन्ती, झको अजेशझङ्कारिणी, ञको शर्मेशशत्रुघ्नी, टको सोमेश्वरकपालिनी, ठको लांगलीशपूर्णिमा, डको डाकुरलामा, ढको अर्द्धनारीश विनायकी, णको उमाकान्तनारायणी, तको आषाढीशतारा, थको दिण्डिग्रसनी दको धात्रीश दहनी, धको मीनेशप्रियदर्शिनी, नको मेषेशनादिनी, पको लोहितपावनी, फको शिखीशफेत्कारिणी, बको छगलण्डवजनी, भको द्विरण्डभीषणी, मको महाकालमहाकाली, यको वालीशवायुवेगा, रको भुजंगदीपिनी, लको पिनाकीशपूतना, वको षडानन्दशिखिवाहिनी, शको वक्रानन्दकुसुमायुधा, षको श्वेतानन्दजम्भिका, सको भृग्वानन्दपरमात्मा, हको लकुलीशअंबिका, क्षको संवर्तसंहारिणी ।

तिन ताका छाप्ने चलन आइसकेको थिएन । त्यस कारण हातले लेख्दै गएका लिपिमा कालान्तरमा गएर फरक पर्दै जानु स्वाभाविक छ । यसरी लिपिको मात्रामा केही कुटिलता आए पछि त्यसलाई कुटिललिपि भन्ने नै चलन थियो । त्यसलाई पनि पुरातत्त्वविभागले लिच्छविलिपि नै भन्ने नामकरण गरे । तर मात्रामा कुटिलता आए पछिको लिपिलाई उत्तरलिच्छविलिपि र त्यस भन्दा अघिको लिपिलाई पूर्वलिच्छविलिपि भनी दुइ भागमा विभाजन गरे । लिच्छविकालमा लिपिको विकास भएको कुरा तिन ताकाको ऐतिहासिक उपकरणबाट थाहा पाइन्छ ।

## मल्लकालको लिपि

नेपालमा लिच्छविराज्यको अन्त भए पछि मल्लराज्यको उदय भयो । तिन ताका नेपालमा मिथिलाको लिपि संग मिल्दो जुल्दो किसिमको लिपि चलेको थियो, जुन लिपिलाई प्राचीन नेवारी लिपि भन्ने चलन छ । यो लिपि प्राय ताडयत्रमा लेखिएको ग्रन्थमा पाइन्छ । स्थितिमल्ल भन्दा पहिलेको मल्ल समयलाई प्राचीन मल्लकाल भन्ने चलन छ । प्राचीन मल्लकालका शिलाभिलेख थोरै मात्रामा पाइन्छन् । लिपिको विभिन्नता प्राचीन मल्लकालमा नै आइसकेको देखिन्छ । स्थितिमल्लको समयलाई मध्यकालको समय भन्ने चलन छ । मध्यकालमा कलात्मक ढङ्गले लिपिको विकास भएको पाइन्छ । जुन लिपिलाई भुजिंमोल कुँमोल आदि नामले व्यवहार गर्दछन् ।

पछि यक्षमल्लका छोराका पालादेखि परस्परको झगडाले गर्दा नेपालराज्य टुक्रिंदै गयो । अन्तिम मल्लकालमा नेपालमा लगभग ५२ जति राज्य खडा भए । तिनमा काठमाडौं उपत्यकाका राज्यलाई नेपाल राज्य भन्न लागे । त्यस राज्यमा विशेष गरी नेवारभाषाभाषीहरू थिए । त्यसैले तिनीहरूले व्यवहार गरेको लिपि हुनाले नेवारी लिपि भन्ने भयो । तिन ताकाका अभिलेखमा नेवारी भाषालाई जातिगत भाषाको भावना नराखी नेपालभाषा भनेको पनि पाइन्छ । किन भने गोरखाका राजा श्री ५ पृथ्वीनारायणले पनि काठमाडौं उपत्यकालाई नेपाल भन्दथे । श्री ५ पृथ्वीनारायणले टुक्रिएका राज्यलाई एकत्रित गरी नेपाललाई फेरि पूर्वरूपमा ल्याइ दिए । पूर्वरूप नेपालको जुम्ला प्रदेशमा पृथ्वीमल्ल मेदिनीवर्माहरूका प्राचीन शिलाभिलेख पाइन्छन् । ती अभिलेख देवनागरी लिपिमा अङ्कित छन् । ती देवनागरी लिपिलाई प्राचीन देवनागरी लिपि भन्ने चलन छ । पूर्व तिर प्राचीन अभिलेख दोलखा सम्मका पाइएका छन् । दोलखाका अभिलेख नेवारी लिपिमा अंकित भएको पाइन्छ । पूर्व चौदण्डी विजयपुर तिर प्राचीन लिपिका अभिलेख प्राप्य नहुँदा त्यता तिरको प्राचीन लिपि कस्तो थियो सो अस्पष्ट छ । त्यहाँ रहेका भग्नावशेषको उत्खनबाट पछि थाहा होला ।

## मल्लकालका विभिन्न लिपिका नाम

मल्लकालका नेवारी लिपिमा विभिन्न भेद छन् । ती विभिन्न भेदका लिपिका नाम भुजिंमोल, कुँमोल, क्वेंमोल, गोलमोल, हींमोल, पाचुमोल, लितुमोल, रञ्जना यी हुन् । मोलको अर्थ डिको हो । डिकालाई नेवारी भाषामा मोल भन्दछन् । भुजिंमोल अर्थात् भुजंगमोल सर्पाकार जस्तो डिको लगाइएको लिपि भुजिंमोल भनिन्छ । कुँमोलको अर्थ कोण परेको डिको लगाइएको भन्ने हो । त्यस किसिमको लिपि कुँमोल भनिन्छ । क्वेंमोल अर्थात् युमाउरो डिको लगाइएको लिपि क्वेंमोल भनिन्छ । नेवारी भाषामा

तिन ताक आग्लो लगाउने साँचोको नाउँलाई क्वेँ भन्दछन्। त्यो साँचो घुमाउरो किसिमको लामो हुन्छ। गोलमोल अर्थात् गोल पारी डिको लगाइएको लिपि गोलमोल भनिन्छ। हीँमोल अर्थात् वेरिएको जस्तो गरी डिको लगाइएको लिपि हीँमोल भनिन्छ। वेनुलाई नेवारी भाषामा हिनेगु भन्दछन्। पाचुमोल अर्थात् सम्म पारी डिको लगाइएको लिपि पाचुमोल भनिन्छ। सम्म परेकोलाई नेवारी भाषामा पाचु भन्दछन्। लितुमोल अर्थात् डिको फर्काई फर्काई लेखिएको लिपि लितुमोल भनिन्छ। फर्काउनुलाई नेवारी भाषामा लित छोयेगु भन्दछन्। रञ्जना लिपि यो अत्यन्त सुन्दर लिपि हो। त्यसैले यो लिपिको नाम रञ्जना रहेको हो। यो लिपि ऊ्वाट्ट हेर्दा मानो बुट्टै बुट्टा हो कि भने झैँ भान पर्दछ। त्यसलाई हेरिरहुँ जस्तो मनलाई आनन्द लाग्दछ। रञ्जनको अर्थ रंगाउनु वा रमाउनु हो। त्यस कारण रञ्जना लिपिले मनलाई आनन्द दिनुका साथै आकर्षण पनि गर्छ। यो लिपि सुनको मसी तथा चाँदीको मसीले समेत लेखेको पाइन्छ।

# लिपिको महत्त्व र त्यसको पठन पाठन

## हिन्दू वर्णमालाको महत्त्व–

ब्राह्मी लिपिदेखि लिएर आज सम्मका हिन्दू[1] लिपिमा वर्णमालाका अक्षर उत्तिनै छन् । त्यस कारण लिपिमा विभिन्नता भए तापनि आखीर आधार वर्णमाला एउटै छ । यो हिन्दू वर्णमाला रोमन उर्दू तथा चीनका वर्णमालाका अपेक्षा कत्तिको महत्त्वपूर्ण छ भन्ने कुरा हामी स्वयं बुझ्न सक्छौं । यस वर्णमालाको उच्चारण सार्थक छ । यहाँ स्वरमिश्रित व्यञ्जन वर्णमा मात्रा लाउने एउटै नियमले पर्याप्त छ । यस वर्णमालामा लेख्नमा लाघव पढ्नमा सुगमता अर्थमा सरलता आदि गुण छन् । प्रत्येक वर्णका एक एक देवता अधिपति हुनाले प्रत्येक अक्षर मन्त्र तुल्य छन् । एउटा अक्षर पढ्दा एउटा देवताको नाम लिएजत्तिकै पुण्य छ । यिनै तत्त्वबाट कूटाक्षरहरू निर्माण भएका छन् । जुन कूटाक्षर षडक्षरी सप्ताक्षरी आदि छन् । ती

---

1 हिन्दू शब्दको अर्थ—

ब्रह्माबाट अक्षर सृष्टि भयो । तिनमा स्वरवर्णका र व्यञ्जनवर्णका अक्षर छन् । व्यञ्जनवर्ण अव्यक्त वर्ण हो । किन भने व्यञ्जनवर्णमा स्वरवर्णको संयोग नभइकन उच्चारण व्यक्त हुँदैन । जस्तै ह्+इ=हि हुन्छ । तब

ह्+इन्दु=हिन्दु

(अव्यक्त) + (व्यक्त) = अद्वैत

यहाँ अव्यक्त 'ह्' संग व्यक्त इन्दुको संयोग भएर हिन्दु शब्द बन्यो । अनि हिन्दु शब्दले साकार रूप लियो । ह् अर्थात हकार पनि संस्कृत शब्द हो, इन्दु पनि संस्कृत शब्द नै हो । अतः दुइ संस्कृत शब्दको संयोग भए पछि हिन्दु शब्द पनि स्वभावतः विशुद्ध संस्कृत शब्दनै हुन्छ । योग दर्शन अनुसार हाम्रो सूक्ष्म शरीरको विशुद्ध चक्रमा शब्द या आकाश तत्त्व छ । जसको बीजमंत्र निराकार सदाशिव स्वरूप "हँ" हो । अतः हकार अव्यक्त अनन्त अनिर्वचनीय आकाशको शब्द प्रतीक हो । अव्यक्त भएकोले यसमा हकार 'ह्' सत्याकाशको सूचक हो र इन्दु सत्यको चन्द्रमा हो । सत्याकाशरूपी ह्मा सत्यको चन्द्र अर्थात इन्दु नै हिन्दु हो । यस ज्ञानरूपी इन्दुको खोजी गर्ने साधक पनि हिन्दुमै लय हुन्छ । हिन्दुउपनिषदमा भनेको पनि छ ।

अव्यक्तः ह शिवः प्रोक्तः इन्दुः शक्तिरिहोच्यते ।
तयोरैक्यं परब्रह्म हिन्दुरित्यभिधीयते ॥

[हाम्रो संस्कृति वर्ष ३ अंक ३ पृष्ठ ६१–६८ मा]
प्रकाशित श्री किरणशंकरको लेखबाट

कूटाक्षर तन्त्रशास्त्र महाकालसंहिता ग्रन्थमा उल्लेख छ। ती कूटाक्षर मन्त्रका बीजाक्षर हुन्। षडक्षरी कूटाक्षर भनेको ६ ओटा बीजाक्षरका मन्त्रले बनेको एउटा अक्षर हो। अरू कूटाक्षर पनि त्यस्तै हो। त्यस कारण हिन्दू वर्णमाला अन्य राष्ट्रको वर्णमाला भन्दा कति गौरव छ।

## नेपालमा प्राचीन लिपिको पठन पाठन-

पुस्तक छाप्ने चलन आउनु भन्दा पहिले नेपालमा केही मानिस पुस्तक सारेर आफ्नो जीविका चलाउने गर्दथे। यसरी पुस्तक लेख्ने चलन छउन्जेल केही मानिसलाई प्राचीन लिपिको ज्ञान थियो। पछि पुस्तक छाप्ने चलन आउँदा पुस्तक लेख्ने चलन हराउँदै गयो र प्राचीन लिपि मानिसले बिर्सन थाले। जब अंग्रेजी शिक्षाको प्रभाव जम्दै आएथ्यो तब मानिसले प्राचीन लिपिको पठन पाठन अनावश्यक संझन लागे। नेपालमा उहिले ठोस रूपमा इतिहास लेख्ने कुनै परम्परा थिएन। स्थितिमल्लका पालामा गोपालवंशावली लेखियो। त्यस पछि मल्लकालमा लेखिएका इतिहासको पुस्तक पाइएको छैन। वि०सं० १८४९ मा अंग्रेजराजदूत कर्कपेट्रिक नेपालमा आउँदा उनले आफूले देखे सुनेका अनुभवबाट नेपालको इतिहास लेखेर वि०सं० १८६८ मा प्रकाश गरे। वि०सं० १९३४ मा राइटले नेपालको वंशावली तयार गरी प्रकाश गरे। त्यस पछि नेपाली जनताले इतिहासको महत्त्व बुझ्न थाले र कतिपय नेपालका इतिहासकारहरूले त्यसैको आधारमा इतिहास लेखे। वि०सं० १९३७ मा भारतका पं. भगवान्लाल इन्द्रजीले नेपालका लिच्छविकालका र मल्लकालका केही शिलालेख प्रकाश गरिदिए। अनि नेपालीले शिलालेखको पनि महत्त्व बुझ्न थाले र लिपि पढ्नुपर्ने चासो गरे। यसरी आफूसंग रहेको वस्तु विदेशीको बत्तीले मात्रै कल्यास भई देख्न थालेका नेपालीले इतिहास तथा लिपिको पठन पाठन चलाए।

# प्राचीन लिपिलेखनसामग्री

## ताडपत्र–

तालवृक्ष भारतको दक्षिण प्रदेशमा समुद्रको किनारमा प्राय पाइन्छ । त्यसैको पातलाई ताडपत्र भन्दछन् । त्यसबाट हावा हंकने पंखा पनि बनाउँछन् । प्राचीन कालमा त्यस्ता ताडपत्रमा पुस्तक लेख्दथे । यसको पात ठूला तथा लामा हुन्छन् । जोर्नी जोर्नीमा काटेर टुक्रा टुक्रा पारी पत्र बनाउँछन् । चौडाइमा १ इञ्चदेखि ४ इञ्च सम्म पनि हुन्छ । पुस्तक लेखनका लागि ताडपत्र सुकाएर पानीमा उमालेर फेरि सुकाइदिन्छन् । अनि त्यसलाई शंख अथवा चिप्लो ढुङ्गाले घोट्छन् । अनि त्यसमा मसीले पुस्तक लेख्दछन् । त्यसमा कोही कीलाको टुप्पाले कोरेर पनि अक्षर लेख्तछन् । अनि त्यसमा गाजल दलिदिन्छन् । खाल्टोमा गाजल पुरिन्छ र अक्षर कालो स्पष्ट देखिन्छ । यसरी लेखिएको अक्षर उत्कीर्णाक्षर[1] भनिन्छ । ताडपत्र लामो खालको छ भने छेउ छेउ अगल बगलमा प्वाल पारेर तथा छोटो खालको छ भने बीचमा प्वाल पारेर त्यस प्वालबाट धागोले उनेर फलेकको गातामा राखेर पुस्तक सुरक्षित संग राख्तछन् । यस्ता ताडपत्रमा लेखिएका ग्रन्थ नेपालमा प्रशस्त पाइन्छन् ।

## भुजापत्र-

भूर्जवृक्ष विशेष गरी हिमालप्रदेश जुम्लामा हुन्छ । त्यसको बोक्रा भुजापत्र भनिन्छ । प्राचीन कालमा भुजापत्रमा पनि पुस्तक लेख्दथे । यो भुजापत्र पातलो खालको हुन्छ र एक गज सम्म लामो पनि पाइन्छ । यसलाई बलियो पार्नाका लागि तेल घसी सुकाइदिन्छन् । सुकेपछि शंखले घोटेर चिप्लो पार्छन् । अनि त्यसमा पुस्तक लेख्तछन् । विक्रमको चौथो शताब्दी ताका भुजापत्रमा लेखिएका आगमसूत्र तथा पंचरक्षाका पुस्तक पाइन्छन् । सो भुजापत्र ताडपत्र जतिको बलियो हुँदैन । त्यस कारण भुजापत्रमा लेखिएका ग्रन्थ ताडपत्र जस्तै धेरै पाइदैन । किन भने भुजापत्रका पुस्तक[2] धेरै काल टिकाउ पनि हुँदैन ।

## कागतपत्र-

चीनमा वि.सं. १६२ मा कागतको आविस्कार भयो । सो कागत काठको बोक्रा कुटेर पानीमा पकाई साँचोबाट बनाउने गर्थे । यो भन्दा पहिले भारतमा कपास कुटेर कागत बनाउँथे । तर त्यो सस्तो र सुलभ थिएन । कागत सस्तो र राम्रो उपलब्ध हुन थाले पछि त्यस कागतलाई २, ३ तह राखी माडले टाँसी

---

1 वीरपुस्तकालय (हाल राष्ट्रिय अभिलेखालय) दोस्रा लगत नं. १५७ विषय नं. ८० को ताडपत्रमा लेखिएको स्कन्दपुराणपुरुषोत्तममहात्म्य भन्ने पुस्तक उत्कीर्णाक्षरले लेखिएको छ ।

2 लम्बकर्ण भट्टले लेखेको वि०सं० १७६२ को भूर्जपत्रको तान्त्रिक यन्त्र राष्ट्रिय अभिलेखालयमा छ ।

पाको कागत बनाउने चलन भयो । त्यस पाको कागतमा हरिताल लगाएर सुकाउँछन् । सुके पछि शंख वा चिप्लो पत्थरले घोटेर कागतलाई कमलो र चिप्लो बनाउँछन् । अनि त्यसमा पुस्तक लेख्छन् । यसै गरी कागत बाक्लो गरी टाँसी नीलो रंग र नीलोतुथो लगाई नीलपत्र पनि बनाउँछन् । नीलपत्रमा चाहिँ सुन र चाँदीका मसीले अक्षर लेख्छन् । पाको कागतमा हरिताल लाउने नीलोतुथो लाउने हुनाले त्यो कागत धेरै काल टिकाउ र बलियो हुन्छ । त्यस्तो कागत हृतपति कीराले खान सक्तैन । बाक्लो पाको कागतको पुस्तक बनाउँदा ताडपत्रमा जस्तै पत्रको अगल बगल अथवा बीचमा प्वाल पारेर धागोले उनेर फलेकको गाता राखेर पुस्तकलाई सुरक्षित गर्दछन् । पाको कागतको पत्र नछुट्टिने गरी पटयाउन हुने गरी पुस्तक बनाउँछन् । त्यस्तो पुस्तकलाई ठ्यासफु भन्दछन् । यस्ता पुस्तक राष्ट्रिय अभिलेखालयमा प्रशस्त छन् ।

## कपासको कागत-

प्राचीन कालमा कपासको पनि कागत बनाउँथे । त्यस कागतमा चामलको पीठोको माड लगाएर सुकाउँछन् । सुके पछि शखले घोटेर चिप्लो पार्छन् । अनि त्यसमा पुस्तक लेख्छन् । यो कागत चित्रको पट्ट लेख्ने काममा पनि लगाउँछन् । तीर्थ जानेहरूले बद्रीनाथको पट्ट जगन्नाथको पट्ट प्रसादको रूपमा ल्याउँछन् र इष्टमित्रलाई बाँड्छन् । कपासको कागत बनाउने विधि मेक्समुलरको हिष्ट्री अफ एन्सेण्ट संस्कृत लिटरेचरमा राम्रोसंग दिएको छ ।

## कपडा-

रेशमको कपडामा र सूतीको कपडामा पनि पुस्तक लेख्ने चलन छ । तर ठूला ठूला धनी मानिसले मात्र लेखाउँछन् । यो महँगो पर्ने हुनाले चल्ती छैन । बृहत्ज्ञानकोष नामक जैनपुस्तकभण्डारमा रेशमको कपडामा मसीले लेखिएका जैनसूत्रको सूची पाइन्छ ।

## फलेक-

उहिले विद्यार्थीहरू फलेकमा अक्षर लेख्न सिक्दथे । फलेकमा रातो माटो अथवा गोलको धुलो लिपेर सुकाउँछन् । सुके पछि त्यसमा खरीले अक्षर लेख्छन् । उहिले बौद्ध विहारमा पनि फलेकमा खरीले पञ्चाङ्ग लेखी सर्वसाधारणको जानकारीका लागि टाँग्ने गर्दथे । पञ्चाङ्ग छाप्ने चलन आए पछि बिस्तार बिस्तार त्यो चलन हराएर गयो । ज्योतिषशास्त्रमा त्यसलाई धूलीकर्म गर्ने भन्दछन् । किन भने जस्तो धुलोमा लेखेको अक्षर मेटेर अर्को लेख्न हुन्छ त्यस्तै त्यसमा पनि मेटेर अर्को लेख्न हुन्छ । त्यसको रूपान्तर आजकल स्कूल पाठशालामा विद्यार्थीलाई सिकाइने गुरुद्वारा प्रयोग हुने बोर्ड (पाटी) मा परिणत भएको छ । भोटेहरू भोटे लिपिमा फलेकमा कुँदेर ग्रन्थ लेख्तछन् । यस्तो ग्रन्थ ठूला ठूला गुम्बामा पाइन्छ ।

## मसी-

उहिले खयरको पात पकाएर त्यसको मसी बनाउँथे । यो मसी साधारण चलन चल्तीमा प्रयोग गर्दथे । पाको कागतमा लेख्नका लागि पाको मसी बनाउँछन् । यो मसी लाहामा स्वाग हाली पकाएर त्यसको झोलमा काजल घोटी पाको मसी बनाउँछन् । यो मसी सुके पछि पानीले पखाले पनि जाँदैन । यो मसी बलियो तथा टिकाउ हुन्छ । त्यस कारण यसरी बनाएको मसीलाई पाको मसी भनेको हो । त्यही लाहाको झोलमा

रंग मिलाएर रंगीन मसी पनि बनाउँछन् । नीलपत्रमा लेख्नका लागि सुन र चाँदीको मसी बनाउँछन् । सुन र चाँदीको मसी बनाउँदा सुन अथवा चाँदीलाई गुँदपानीमा घोटेर बनाउँछन् । सुनौला मसीले लेखेर सुकाउँछन् । सुके पछि शंखले घोटेर चहकिलो पार्छन् । रातो मसी बनाउन हिंगुल घोलेर पनि बनाउँछन् । पहेंलो मसी बनाउन चाहिं हरिताल घोलेर बनाउँछन् ।

## कलम–

उहिले अक्षर लेख्दा बाँसको कलमले मसी चोपेर लेख्नथे । नली बनाउने निगालो जस्तो शर हुन्छ, जुन शर ४,५ हात सम्म लामो हुन्छ । त्यस्तो शर खपतडमा पाइन्छ । ढाक्रे हरू भारीका भारी बाँधी नलीको साथसाथै बेच्न ल्याउँथे । त्यो शरको आँठला आँठला सम्म टुक्रा पारी टुप्पो ताछेर कलम बनाउँछन् । प्वाँखको फेदको पनि कलम बनाउँछन् । धेरै लेख्नुपर्नेहरूले त फलामको पनि कलम बनाउँछन् । अरू कलम भन्दा फलामको कलम धेरै टिकाउ हुन्छ । प्वाँखको कलममा दुंसीको प्वाँख पनि प्रयोग गर्छन् । चित्र लेख्दा प्वाँखले लेख्छन् ।

## कापा (रेखापाटी)

पाको कागतमा डोरो लगाउने यन्त्रलाई नेवारीमा कापा भन्दछन् । कापालाई नेपालीमा रेखापाटी भन्दछन् । फलेकमा समानान्तर पारी धागोको तान लगाएर बाँधेको हुन्छ । त्यस माथि पाको कागत राखी बाँसको टुप्पोले घोटेर डोरो लगाउँछन् । त्यही डोरोको धर्कोमा अक्षर सोझो पारी लेख्छन् ।

## रुल (सलाका)

सोझो काठको डोलो वा च्याप्टो पारी रुल बनाएको हुन्छ । त्यस रुलको सहायताले मसीको डोरो हाल्ने गर्छन् । डोलो रुलबाट कागतमा मसीको डोरो हाल्दा कागतमा मसी लाग्ने संभव हुँदैन । च्याप्टो रुलबाट मसीको डोरो हाल्दा कागतमा मसी लत्पतिने संभव हुन्छ । त्यस रुललाई संस्कृतमा सलाका भन्ने प्रयोग पाइन्छ । त्यसलाई नेवारी भाषामा दासी भन्दछन् ।

# संवत् प्रचलन

## कलियुगसंवत्

कलियुगसंवत् भारतयुद्ध पछि चलेको भन्ने कुरा दक्षिण चालुक्यवंशी राजा पुलकेशी (दोस्रा) का समयको एहोलको पहाडखण्डमा रहेको जैनमन्दिरको शिलालेखबाट थाहा हुन्छ । त्यसमा भारतयुद्धदेखि ३७५३ तथा शकराजा (शकसंवत्) ५५६ वर्ष विते पछि यो मन्दिर बनाइयो भन्ने लेखेको छ । यसबाट (३७५३–५५६=३१९७) शकसंवत् भन्दा ३१९७ वर्ष पहिले भारतयुद्ध भएको थियो भन्ने देखिन्छ । भारतयुद्धमा विजय भए पछि युधिष्ठिरले राज्य चलाए । तव कलियुगसंवत्लाई युधिष्ठिरसंवत् पनि भन्दछन् । कलि आरम्भको विषयमा पुराण तथा भागवतमा पनि वर्णन गरेको छ[1] ।

## विभिन्न संवत्को प्रचलन–

कलियुगसंवत् अर्थात् युधिष्ठिरसंवत् पछि अनेक संवत्को प्रचलन हुँदै गयो । जुन प्रचलन

---

[1] यदैव भगवद्विष्णोरंशो यातो दिवं द्विज ।
वसुदेवकुलोद्भूतस्तदैव कलिरागतः ॥ (विष्णुपुराण ४।२४।५५)

जव वसुदेवको कुलमा उत्पन्न भएका विष्णुका अंश श्रीकृष्णजी स्वर्गारोहण हुनुभएथ्यो त्यसै वेलादेखि कलियुगको आरम्भ भयो ।

विष्णुर्भगवतो भानुःकृष्णाख्योऽसौ दिवंगतः ।
तदाविशत्कलिर्लोकं पापे यद्रमते जनः ॥ (भागवत १२।२।२९)

देवताका सूर्य भएका भगवान् श्रीकृष्णजी स्वर्गारोहण हुनुभए पछि मानिस पापमा रमाउन लागे । त्यस वेलादेखि लोकमा कलि पस्यो ।

भविष्यं संप्रवक्ष्यामि कलिकश्च यथाक्रमं ।
जातो दुर्योधनो राजा कलिसंवत् प्रवर्तते ॥ (सुमतितंत्र २)

कलिदेखि क्रमैले भविष्य संवत् बताउँछु । दुर्योधन राजा भए पछि कलिसंवत् प्रारम्भ हुन्छ ।

श्री कृष्णजीका पालामा सूर्यग्रहण लागेको कुरो श्रीमद्भागवत दशमस्कन्ध ८२ अध्यायमा वर्णन गरेको छ । गणेश दैवज्ञले यो ग्रहण गणना गरेर द्वापरको ८६३९९२ वर्ष वितेपछि कलि लाग्नु भन्दा ८ वर्ष अगाडि विक्रमसंवत् पूर्व ३०५२ मा तारण संवत्सरमा फाल्गुनकृष्ण औंसी शुक्रवार १० घडी दिन चढ्दा सूर्यग्रहण लागेको थियो भन्ने कुरा सिद्धान्तशिरोमणिको टीकामा उल्लेख गरेका छन् ।

महापुरुषको नामबाट, राजनीतिपरिवर्तनबाट, प्रभावकारी महत्त्वपूर्ण कामबाट भएका छन् । ताडपत्रमा लेखिएको सुमतितन्त्र नामको ज्योतिष पुस्तकमा विभिन्न संवत् विषयको चर्चाको उल्लेख गरेको छ । त्यसमा युधिष्ठिरसंवत् २००० पछि नन्दसंवत् चलेको, नन्दसंवत् ८०० पछि चन्द्रगुप्तसवत् चलेको, चन्द्रगुप्तसंवत् १३२ पछि शूद्रकदेवसंवत् चलेको, शूद्रकसंवत् २४७ पछि शकसवत् चलेको, शकसंवत् ४९८ पछि मानदेव संवत् चलेको, मानदेवसंवत् ३०४ वर्ष सम्म रह्यो भनेको छ [1] । यो मानदेवसंवत्को खण्डन मेरो लिच्छवि-संवत्को निष्कर्ष भन्ने पुस्तकमा गरिएको छ । सो पुस्तक राष्ट्रिय अभिलेखालयमा पनि हेर्न पाइन्छ ।

अर्को कुरो दैवज्ञ शिरोमणि लक्ष्मीपतिले वि०सं० १८५४ मा बनाएको रत्नदीप नामको ज्योतिष पुस्तकको टीकामा संवत्सरका विषयमा भविष्योत्तरको वचन दिइएको छ । त्यसमा युधिष्ठिर-संवत् ३०४४ पछि विक्रमसंवत् चल्ने र विक्रमसंवत् १३५ पछि शकसंवत् चल्ने कुरो लेखेको

---

[1] युधिष्ठिरमहाराजो दुर्योधनस्तयोःपिवा
उभौ राजौ सहस्रे द्वे वर्षन्तु सम्प्रवर्त्तति
नन्दराज्यं शताष्टञ्च श्चन्द्रगुप्तस्ततो परे
राज्यङ्करोति तेनापि द्वात्रिंशच्चाधिकं शतम्
राजा शुद्रकदेवश्च वर्षसप्ताब्धिचाश्विनौ
शकराजा ततो पश्चाद्वसुरन्ध्रकृतस्तथा···

शुभ।। युधिस्थिर दुर्ज्जोधन उभौ राजाब्द २००० नन्दराज्याब्द ८०० चन्द्रगुप्तराज्याब्द १३२ सूद्रकदेवराज्याब्द २४७ शकराज्याब्द ४९८ मानदेवस्य राज्याब्द ३०४ शुभ ।। ॐ नमः सूर्याय ।। नेपाल सम्वत्सर कर्म्मभूमौ स्थाप्य । नयनाभ्रनागा ८०२ संयोज्यं शककालम्भवति । तं शककालं कर्म्मभूमौ स्थाप्य । नन्दाद्रिभूरग्नियुक्ता ३१७९ योज्ये । एतत् कलियुगम्भवति ।

(राष्ट्रिय अभिलेखालय विषय नं. ४९५ सुमतितन्त्र )

[२००० वर्ष सम्म युधिष्ठिर र दुर्योधनको संवत् चल्छ । त्यस पछि ८०० वर्ष सम्म नन्दको संवत् चल्छ । त्यस पछि १३२ वर्ष सम्म चन्द्रगुप्तको संवत् चल्छ । त्यस पछि २४७ वर्ष सम्म शूद्रकदेवको संवत चल्छ । त्यस पछि ४९८ वर्ष सम्म शकसंवत् चल्छ । त्यस पछि ३०४ वर्ष सम्म मानदेवको संवत् चल्छ । नेपाली संवत्मा ८०२ जोड्नू शकसंवत् हुन्छ, शकसंवत्मा ३१७९ जोड्नू कलिगत वर्ष हुन्छ ।

छ[1]। महात्मा बुद्धको निर्वाण भएपछि उनको नामबाट चलेको संवत्लाई बुद्धनिर्वाणसंवत भन्दछन्[2]। नेपाली संवत् चाहिं शङ्खधर साख्वाले चलाएको भन्ने वंशावलीमा उल्लेख छ। नेपाली संवत् चल्नु भन्दा पहिल नेपालमा अंशुवर्मासंवत् चलेको थियो। अंशुवर्मासंवत् चल्नु भन्दा पहिले नेपालमा लिच्छविसंवत् चलेको थियो। नेपालको आफ्नो संवत्को विषयमा विस्तृत विवरण मेरो लिच्छवि-संवत्को निष्कर्ष भन्ने पुस्तकमा हेर्नुहोस्।

## संवत्को सम्बन्ध–

पाटन उकुबहीको भगवानमन्दिरको ढोकामाथि रहेको स्थितिमल्लका पालाको सुवर्णपत्रमा तथा पाटन सुनधाराको धर्ममल्लका पालाको शिलाभिलेखमा कलिगत संवत् विक्रमसंवत् शकसंवत् नेपाली संवत् गरी ४ संवत्को उल्लेख छ। ती अभिलेख अनुसार संवत्को संबन्ध थाहा हुन्छ। धर्म-मल्लको पालाको अभिलेखमा दिइएका संवत्मा कलिगत संवत् ४५०५ विक्रमसंवत् १४६१ शक-संवत् १३२६ नेपाली संवत् ५२४ उल्लेख छ। तब

कलिगत र विक्रमसंवत्को अन्तर = ४५०५–१४६१=३०४४
कलिगत र शकसंवतको अन्तर = ४५०५–१३२६=३१७९

---

1 कुरुवंशोद्भवो राजा कुन्तीपुत्रो युधिष्ठिर:
वेदवेदाभ्रामाब्दं ३०४४ स्वं शकं चालयिष्यति
जातेऽधर्मे पुना राजा विक्रमार्को भविष्यति
पञ्चत्रिचन्द्रवर्षाणि १३५ स्वं शकं चालयिष्यति
शालिवाहो नृपो नाम शङ्करराधने रत:

[रत्नदीप टीका]

कुरुवंशमा पैदा भएका कुन्तीका छोरा राजा युधिष्ठिरको संवत् ३०४४ वर्ष सम्म चल्नेछ। फेरि अधर्म भएमा राजा विक्रम हुनेछन्। १३५ वर्ष सम्म उनको संवत् चल्नेछ। त्यस पछि महादेवको आराधना गर्ने शालिवाह नामका राजा हुनेछन्।

2 बुद्धको निर्वाणकाल नेपालमा तथा सिलोनमा इ० पू० ५४४ केन्टनमा इ० पू० ४८९ विन्सेन्टस्मिथले इ० पू० ४७८ मानेको छ। तर अहिले हेवज्रप्रकाश भन्ने प्राचीन पुस्तकमा बुद्धनिर्वाणकालको एक प्रमाण पाइएको छ। जस्तै

"भगवति शाक्यसिंह परिनिर्वृतिशत १८०० वर्ष ११ मास ४ दिवस ५
शकाब्दा (शकाब्दा, ११९४ भाद्र (दि) ने १४ लिखितमिद"

(हेमराज शाक्यद्वारा संपादित मिडिएभल नेपाल २२ पृ)

यस प्रमाणबाट बुद्ध निर्वाण भएको १८११ वर्ष ४ महीना ५ दिन जाँदा शाके ११९४ भाद्र महीनाको १४ दिनमा उक्त हेवज्रप्रकाश पुस्तक लेखिएको भन्ने कुरो स्पष्ट छ। त्यस कारण १८११–११९४=६१७ शकपूर्व (इ. पू. ५३९) मा बुद्ध निर्वाण भएको भन्ने त्यस बेला मानिएको सिद्ध छ। यसबाट अहिले वि.सं. २०३१ मा बुद्ध निर्वाण भएको १५१३ वर्ष हुन आउँछ।

कलिगत र नेपाली संवत्को अन्तर = ४५०५– ५२४=३९८१
विक्रमसंवत् र शकसंवत्को अन्तर= १४६१–१३२६= १३५
विक्रमसंवत् र नेपाली संवत्को अन्तर= १४६१– ५२४= ९३७
शकसंवत् र नेपाली सवत्को अन्तर = १३२६– ५२४= ८०२

हुने कुरो स्पष्ट छ। भास्वती नामको ज्योतिष पुस्तकमा पनि कलिगत वर्षमा ३०४४ घटाए पछि विक्रमसंवत् हुन्छ विक्रमसंवत्मा १३५ घटाए पछि शकसंवत् हुन्छ भनेर बताएको छ [1]। सुमतितन्त्रमा पनि नेपाली संवत्मा ८०२ जोड्नू शकसंवत् हुन्छ, शकसवत्मो ३१७९ जोड्नू कलिगत वर्ष हुन्छ भनी बताएको कुरो माथि गइसकेको छ । इस्वीमा ५७ जोडे विक्रमसंवत् हुन्छ[2] ।

यो विक्रमसंवत् नेपालको आफ्नो राष्ट्रिय संवत् होइन भन्ने कुरा मेरो लिच्छविसंवत्को निष्कर्ष भन्ने पुस्तकमा प्रतिपादन गरिएको छ। यसको चर्चा वि०सं० २०२० आषाढ १० गते सिंहदरबारस्थित अफिसमा एक पत्रकारसम्मेलन हुँदा शिक्षासहायक श्री राजेश्वर देवकोटाले पनि यसरी गर्नुभएको थियो–

नेपालमा हाल प्रचलनमा भएको विक्रमसंवत्को प्रवर्तक को थियो त्यो आज सम्म पता लाग्न सकेको छैन । संवत् चलाउने व्यक्ति र चलेको ठाउँ पनि थाहा नराखी आज पनि हामी विक्रमसंत्को भोरमा परिराखेका छौं। राष्ट्रिय दृष्टिकोणले शोच्ने र कुनै विषयलाई औचित्य र वैज्ञानिक दृष्टिकोणले चलाउने आदत लागिसकेका हामीहरूले हाम्रो संस्कृतिको अनुकूल र आधारपूर्ण नेपाली संवत् कायम गर्नुपर्ने देख्छु ।

(वि०सं० २०२० आषाढ ११ गतेको गो०प०)

सुमतितन्त्रमा वर्णित युधिष्ठिरादिको राज्यवर्षानुसार संवत्को संबन्ध निम्न प्रकारको छ । जस्तै

कलिगत र शकको अन्तर = युधिष्ठिरराज्याब्द + नन्दराज्याब्द + चन्द्रगुप्तराज्याब्द + शूद्रकदेवराज्याब्द
= २००० + ८०० + १४२ + २४७
= ३१७९

---

1 कृतयुगाम्बरवह्निभिरुज्झितो गतकलिः किल विक्रमवत्सरः ।
शरहुताशनचन्द्रवियोजितो भवति शाक इह क्षितिमण्डले ।।

[कलिगत वर्षमा ३०४४ 'घटाए पछि विक्रमसंवत् हुन्छ । विक्रमसंवत्मा १३५ घटाए पछि शकसंवत् हुन्छ]

2 इस्वीयसनाब्देषु क्षेप्यः सप्तशरस्तथा ।
सम्वत्सरपरिज्ञानं सुखेनैव प्रजायते ।।
(पंचांगविज्ञान)

इस्वीसंवत्मा ५७ जोड्नू भजिर्लसित विक्रमसंवत् थाहा हुन्छ ।

शाके र नेपाली संवत्को अन्तर= शकराज्याब्द+मानदेवराज्याब्द
= ४९८+३०४
= ८०२

नेपाली संवत् कार्तिकशुक्ल प्रतिपदामा फिर्दछ । शकसंवत् चैत्रशुक्ल प्रतिपदामा फिर्दछ । विक्रमसंवत् चाहिं हाम्रो नेपालमा वैशाख १ गतेदेखि फेर्ने चलन छ । त्यस कारण विक्रमसंवत् र नेपाली संवत्को अन्तर कार्तिकशुक्ल प्रतिपदादेखि वैशाख १ गते भित्र ९३६ अन्तर हुन्छ । त्यस्तै शकसंवत् र नेपाली संवत्को अन्तर कार्तिकशुक्ल प्रतिपदादेखि चैत्रशुक्ल प्रतिपदा भित्र ८०१ अन्तर हुन्छ ।

इस्वीसंवत् जनवरी १ तारीखमा फिर्दछ । त्यो हाम्रो पौष १६, १७ गते तिर पर्दछ । त्यस कारण विक्रमसंवत् र इस्वीसंवत्को अन्तर पौष १६,१७ गतेदेखि वैशाख १ गते भित्र ५६ अन्तर हुन्छ ।

शक संग इस्वीसंवत्को संबन्ध = वि० सं०–५७
= (श० सं०+१३५)—५७
= श० सं०+७८

नेपाली संवत् संग इस्वीसंवत्को सबन्ध = वि० सं०—५७
= (ने० सं+९३७)—५७
= ने०सं+८८०

उपर्युक्त संबन्धबाट शकसंवत्मा ७८ जोडे इस्वीसंवत् हुन्छ । त्यस्तै नेपाली संवत्मा ८८०, जोडे इस्वीसंवत् हुन्छ । पौष १६,१७ गतेदेखि वैशाख १ गते भित्र उक्त सम्बन्धमा १ कम गर्नु पर्छ ।

# लिपिविकासको ऐतिहासिक सारांश

जुनसुकै परिवर्तन हुनलाई पनि केही काल लाग्दछ । जस्तै २५ वर्ष अगाडि खिचेको आफ्नो फोटो र अहिले खिचेको आफ्नो फोटोमा आफ्ना रूप केही न केही फरक परिसकेको हुन्छ । अपरिचित मानिसले जाँच्दा बेग्ला बेग्लै मानिस जस्तो देखतछ । तर अलि नियालेर हेरेको खण्डमा एउटै व्यक्ति भन्ने थाहा हुन्छ । त्यस्तै १०० वर्ष अघि लेखेको लिपि र १०० वर्ष पछि लेखेको लिपि फरक परिसकेको हुन्छ । उहिले पुस्तक हातैले लेख्नु पर्दथ्यो, किनकि त्यस वेला प्रेस थिएन । हातले लेख्दै गएका लिपि कालान्तरमा फरक पर्दै गएका छन् । लेखनकलामा छिटो र राम्रोपनमा मानिसको प्रवृत्ति हुने स्वभाव छ । त्यसो हुँदा लेखन-कलामा कठिनता र नराम्रोपनलाई छोड्दै गएर सरलतामा मानिस अभ्यस्त हुँदै गएकोले नै लिपिमा परि-वर्तन आएको छ। ५० वर्षको वर परका लिपिमा त त्यत्तिको फरक भए जस्तो देखिदैन, किनकि एक दुइ ओटा अक्षरको लिपि फरक हुँदैमा संपूर्ण लिपि फरक देखिदैन । क्रमशः अक्षरको डिकोमा मात्रामा आकार प्रकारमा परिवर्तन हुँदै शताब्दी पछि गएर लिपिमा स्पष्टै फरक भएको देखिन्छ ।

प्रथम मानदेवको ताकाको लिपि पूर्वलिच्छविलिपि भनिन्छ । त्यही लिपि अंशुवर्मा पछि गएर डिकोमा केही कुटिलता आइसकेको देखिन्छ । नरेन्द्रदेवको ताका त्यो लिपि स्पष्टै फरक भएको देखिन्छ । यसरी फरक परिसकेको लिच्छविलिपिलाई उत्तरलिच्छविलिपि भन्ने भएको छ । विक्रमको दशौं शताब्दी ताकाका लिपि नेवारी लिपिको पूर्वरूपमा आएको देखिन्छ । त्यस कारण त्यसलाई प्राचीन नेवारी लिपि भन्ने भएको छ । विक्रमको एघारौं बाह्रौं शताब्दी ताका लेखकहरूमा कलात्मकता आएकोले तिन ताका भुँजि-मोल कुँमोल गोलमोल आदि विभिन्न प्रकारका लिपिको प्रचलन भयो । सुनको मसी चाँदीको मसी बनाएर पनि ग्रन्थ लेख्ने प्रचलन भयो । यसै सिलसिलामा रञ्जनालिपिको आविर्भाव भयो । तर ती लिपिहरूमा रमणीयता भए तापनि व्यावहारिक प्रचलनमा कठिनता हुनाले जुन लिपि छिटो लेख्न सकिन्छ त्यही लिपिलाई मानिसले व्यावहारिक प्रचलनमा अपनाए । त्यस लिपिलाई प्रचलित नेवारी लिपि भन्ने भयो । रञ्जना लिपि चाहिँ केवल सौखिनका लागि मात्र भयो । सौखिनहरूले धेरै पछि सम्म पनि रञ्जनालिपिमा ग्रन्थ लेखाएर राख्ने गरेका थिए ।

काठमाडौं उपत्यकाका मल्ल राजाहरूको विशेष संपर्क मिथिला प्रदेश संग थियो । त्यस कारण काठमाडौं उपत्यकाका मल्लकालका प्रचलित नेवारी लिपि मैथिली लिपि संग प्राय मिल्दो जुल्दो छ । कर्णाली प्रदेशका लिपि देवनागरी लिपि संग मिल्दो छ । ती लिपिहरूमा आफ्नै आफ्नै मौलिकता छ । कोशी प्रदेशका लिपि किरातलिपि संग मिल्दो होला । तर किरातको सभ्यताले जग हाल्न नसकेकोले नै संकुचित भएर

किरातलिपिको प्रचलन डिगो नभएको होला भन्ने अनुमान हुन्छ । किरातका ऐतिहासिक साधन उपलब्ध हुन कठिन भएको हुनाले किरातको इतिहास प्राय अन्धकारमय छ । किरात जातिको सीमित परिवारमा व्यवहार गरिने आधुनिक प्रचलनको लिपि पाइएको छ । त्यसलाई किरातलिपि भनी मानिएको छ । तर प्राचीन प्रचलनका किरातलिपि पाइएका छैनन् । त्यस कारण त्यो कुन शाखाको लिपि हो कति मौलिकता छ भन्ने निर्णय हुन सकेको छैन । कारण हाम्रो लिपिपरिवार संग उक्त किरातलिपि धेरै फरक छ । त्यो लिपि पनि त विकास भएर नै आएको हुनुपर्छ । त्यसको पूवरूप कस्ता छ भन्ने कुरा अनुसन्धान गर्नु बाकी नै छ ।

यसरी लिपि परिवर्तन हुँदा एक लिपि गएर तुरुन्तै अर्को लिपिमा परिवर्तन भएको होइन । जस्तै उहिले कागतको आविस्कार नभए ताका ताडपत्रमा पुस्तक लेख्दथे । कागतको आविस्कार भए पछि कागतमा पुस्तक लेख्ने गर्न थाले । तर कागतको आविस्कार भएर पनि कतिपय मानिसले ताडपत्रमा लेख्न छाडेनन् । प्रमाण राष्ट्रिय अभिलेखालयमा रहेका हस्तलिखित ग्रन्थमा कागतमा लेखिएका ग्रन्थ भन्दा धेरै पछि पनि ताडपत्रमा लेखिएका ग्रन्थ छन । पछि विस्तार विस्तार ताडपत्रमा लेख्ने चलन हराउँदै गयो र कागतमा लेख्ने चलन डिगो भयो ।

त्यस्तै लिच्छविलिपिबाट प्राचीन नेवारी, प्राचीन नेवारीबाट भुजिमोल, भुजिमोलबाट कुँमोल, कुँमोलबाट गोलमोल, गोलमोलबाट रञ्जना, इत्यादि लिपि विस्तारै परिवर्तन भएका हुन् । प्राचीन नेवारी लिपिको प्रचलनमा आउँदा उत्तरलिच्छविलिपि पनि साथैं प्रचलन थियो । पछि प्राचीन नेवारी लिपि डिगो भयो उत्तरलिच्छविलिपि डिगो भएन । त्यस्तै भुजिमोललिपिको प्रचलनमा आउँदा कुँमोल गोलमोलको पनि साथ-साथ प्रचलन थियो । पछि भुजिमोललिपि कुँमोलको लिपिमा, गोलमोललिपि रञ्जनाको लिपिमा परिणत भयो । त्यस पछि कुँमोललिपिबाट पाचुमोललिपिमा परिणत भयो । पाचुमोललिपिको प्रचलनमा आउँदा गोलमोललिपि रञ्जनालिपि लितुमोललिपिहरूको पनि साथसाथै प्रचलन थियो । पछि पाचुमोल-लिपि डिगो भयो अरू लिपि डिगो भएन । त्यही लिपि नै प्रचलित नेवारी लिपिमा परिवर्तन भयो ।

मल्लकालमा काठमाडौं उपत्यकामा नेवारी लिपिकै प्राय प्रचलन थियो साथै देवनागरी लिपि पनि थोरबहुत प्रचलन थियो । शाहराज्यको संस्थापन पछि पनि काठमाडौं उपत्यकामा प्रचलित नेवारी लिपिको व्यवहार थियो । शाहराज्यको पश्चिममा विस्तार भए पछि पश्चिमी विद्वान्हरू संग बढी संपर्क रहन गयो र नेपाली भाषा डिगो भए जस्तै देवनागरी लिपि डिगो हुन गयो र देवनागरी लिपि नै व्यावहारिक प्रचलनमा आयो । नेवारी लिपि व्यावहारिक प्रचलनमा आउन सकेन र ऐतिहासिक रूपमा रहन गयो । यसरी सरलता एवं प्रभाव र आवश्यकताले गर्दा चीज डिगो रहन्छ अनावश्यकता भए पछि डिगो रहन सक्दैन भन्ने स्पष्ट छ । त्यस कारण अहिले हाम्रो लिपि आधुनिक देवनागरी भएको छ । देवनागरी लिपिमा पनि प्राचीन देवनागरी र आधुनिक देवनागरीमा लिपि फरक छ । देवनागरी लिपिको छापा आए पछि पनि प्राचीन छापा र आधुनिक छापाको लिपिमा केही फरक छ । यसरी प्राचीन ब्राह्मी लिपिदेखि लिएर विकास हुँदै आधुनिक देवनागरी लिपिमा परिवर्तन भएको छ । इत्यादि ज्ञान प्राचीन लिपिबद्ध सामानबाट प्राप्त भएको छ । यदि लिपिबद्ध नभएको भए प्राचीन आचार्य विद्वान्हरूको आफ्नो तपस्याद्वारा आर्जित ज्ञान उनीहरूकै साथमा लोप हुने थियो । उनीहरूको तपस्याद्वारा आर्जित विभिन्न ज्ञान विभिन्न साहित्यिक भाषाका प्राचीन

ग्रन्थहरू राष्ट्रिय अभिलेखालयमा सुरक्षित छन्। ती ग्रन्थको अवलोकनबाट तिनीहरूको लालित्यपूर्ण साहित्यको चमत्कार विभिन्न बौद्धिक ज्ञानहरूको रस हामी अहिले पनि चाख्न पाएका छौं र त्यसबाट कहाँ कहाँ कति कति सभ्यता थियो भन्ने ऐतिहासिक ज्ञान पनि हामी पाउन सकेका छौं। लिपिबद्ध नभएर सुदूर अञ्चलका कतिपय रचनाहरू लोप भएका छन्। किरातकालको लिपिबद्ध ग्रन्थ वा तिन ताकाको कुनैं लेख प्राप्त हुन सकेको छैन। त्यसले गर्दा किरातकालको सभ्यता तथा इतिहास थाहा पाउन गाह्रो भएको छ। प्राचीन लिपिबद्ध सामानहरूबाट विभिन्न ज्ञान हासिल गर्नका लागि विभिन्न लिपिको विकासक्रम नै पहिले प्रथम जान्नुपर्ने आवश्यक छ।

# लिपिचित्रको देवनागरी उतार

## अशोककालको ब्राम्ही लिपि

### लिपिचित्र १

### लुम्बिनीको स्तम्भलेखबाट[1]

देवान पियेन पियदसिन लाजिन वीसतिवसाभिसितेन
अतन आगा च महीयिते हिदबुधे जाते सक्यमुनीति
सिलाविगड भीचाकालापित सिलाथंभे च उसपापिते
हिद भगवं जातेति लुंमिनि गामे उबलिके कटे
अठभागिये च

### लिपिचित्र २

### निग्लिहवाको स्तम्भलेखबाट

देवान पियेन पियदसिन लाजिन चोदसवसा
बुधसकोनाकमनस थुबे दुतियं वढिते
......साभिसितेन च अतन आगा च महीयिते
... ... ... ... पापिते

### लिपिचित्र ३

### गिरनारको अभिलेखबाट[2]

इयं धंमलिपी देवानं प्रियेन
प्रियदसिना राजा लेखापिता इधन किं
चिजीवं आरभित्पा · · जू हितव्यं
न च समाजो कतव्यो बहुकं हि दोसं
समाजह्मिपसति देवानं प्रियो प्रियदसि राजा
अस्ति पितु एक चासमाजा साधुमता देवानं
प्रियस प्रियदसिनो राजा पुरा महानसह्मि
देवानं प्रियस प्रियदसिनो राञो अनुदिवसं ब
हूनि प्राणसतसहस्रानि आरभिसु सूपाथाय

---

1 राष्ट्रिय अभिलेखालयमा रहेको छापाबाट उद्धृत

2 राष्ट्रिय पुस्तकालय नं. ९९३ को हुल्स पी. एच्. डी. को इन्सक्रिप्सन् अफ अशोकबाट उद्धृत

# पूर्वलिच्छविकालको लिपि

## लिपिचित्र ४

### चाँगुको स्तम्भलेखबाट

प्रायात्पूर्व्वंपथेन तत्र च शठा ये पूर्व्वदेशाश्रया
सामन्ता: प्रणिपातबन्धुरशिर: प्रभ्रष्टमौलिस्रज:
तानाज्ञावसवर्तिनो नरपति: संस्थाप्य तस्मात्पुन:
निर्भी: सिंह इवाकुलोत्कटसट: पश्चाद्भुजङ्गमिवान्

## लिपिचित्र ५

### लाजिमपाट क्षेमसुन्दरीको अभिलेखबाट

कान्त्या कान्तिमत: सुरानिहमहैर्व्विद्वत्तया पण्डितान्
शूराञ्शूरतयार्त्थिनोपि वसुभिश्शुद्धैर्य्यशोभिर्न्नृपान् ।
दाक्षिण्येन च दक्षिणानरमयत्सर्व्वांश्च सर्व्वैर्गुणै:
य: श्रीमान्स विशुद्धकाञ्चनवपुश्श्रीमानदेवो नृप: ॥१॥
पत्नी तस्याब्जपत्रामलशुभनयना श्लाध्यसौभाग्यरूपा
सञ्चिन्त्य क्षेमसुन्दर्य्यनुपमगुणधीर्द्धर्म्मकार्य्यैककार्य्या ।
श्रीमत्सस्थानरूपम्भवनमिह दृढङ्कारयित्वानुरूपम्
ऐशानं लिङ्गमग्र्यं विधिवदनुपमं स्थापयामास भक्त्या ॥२॥

## लिपिचित्र ६

### देउपाट रत्नसंघको अभिलेखबाट

महेन्द्रसमवीर्य्यस्य कन्दर्प्पसदृशद्युते: ।
राज्ञाश्रीमानदेवस्य सम्यक्पालयत:प्रजा: ॥१॥
तत्पादभक्त्या विधिवद्रत्नसङ्घेन सर्व्वदा ।
रत्नेश्वर:प्रयत्नेन स्थापितोयं सुरोत्तम: ॥२॥

## लिपिचित्र ७

### जंसीदेवलको वसन्तदेवको अभिलेखबाट

ॐ स्वस्ति मानगृहात्परमदेवतबप्पभट्टारक
महाराज श्रीपादानुध्यात: श्रुतनयदयादान
दाक्षिण्यपुण्यप्रतापविकासितसितकीर्त्तिर्भट्टा
रकमहाराज श्रीवसन्तदेव:कुशली

## लिपिचित्र ८

### पशुपतिको आभीरीको अभिलेखबाट

आभीरी ख्यातगुणा भार्य्या परमाभिमानिनःसूनोः
पुण्यविवृद्ध्यै भर्तुर्देवत्वमितःप्रयातस्य १
पुण्येहनि धननिचयैर्द्विजजनमभिपूज्य दानमानाभ्याम्
पुत्रेणानुज्ञाता चकार संस्थापनं शम्भोः २
दत्वा चाक्षयनीवीं वप्रपरिच्छदविभूषादीन्
अनुपरमेश्वरसंज्ञाश्च शम्भोर्भुवनमहितस्यास्य ३
भगवते देवदेवायास्मै स्वयम्प्रतिस्थापितायानु
परमेश्वरसंज्ञितायाभ्यङ्गस्नपनार्च्चनगन्धधू
पबलिनिवेदनादिप्रवर्त्तनार्थं खण्डफुट्टप्रति
संस्कारार्त्थंश्च

## लिपिचित्र ९

### देउपाटनको स्वामिवार्तको अभिलेखबाट

शुक्लद्वितीयायाम्भट्टारकमहाराज श्रीगणदेवे काल
मपरिमित समाज्ञापयति परमदैवत श्रीभौमगुप्त
पादानुध्यातो विदितविनयः शश्वत्कुशलकर्म्मण्युप
हितपरमानुग्रहःप्रकृष्टकुलजन्मा दिवमुपगत
योर्म्मातापित्रोरात्मनश्च पुण्योपचितये स्वामिवार्त्तः
सकलभुवनसम्भवस्थितिप्रलयकारणमनादिनि
धनं भगवन्तमिह शङ्करनारायणस्वामिनं प्रति
ष्ठापितवानपि च

## लिपिचित्र १०

### बूढानीलकण्ठको शिवदेवको अभिलेखबाट

स्वस्ति मानगृहाच्छ्रुतनयविनयगाम्भीर्य्यधैर्य्यवीर्य्या
द्यशेषु सद्गुणगणाधारो लिच्छविकुलकेतुर्भट्टार
क महाराज श्रीशिवदेवःकुशली

## उत्तरलिच्छविकालको लिपि
## लिपिचित्र ११
### बुंगमतीको अंशुवर्माको अभिलेखबाट

स्वस्ति कैलासकूटभवनाद्भगवत्पशुपतिभट्टारक
पादानुगृहीतो बप्पपादानुध्यातः श्रीमहासामन्तां
शुवर्मा कुशली बूगायूम्रीग्रामनिवासोपगतां कुटु
म्बिने यथा प्रधानङ्कुशलमाभास्य समाज्ञापयति

### पशुपतिको अंशुवर्माको अभिलेखबाट

ॐ स्वस्ति कैलासकूटभवनादनिशिनिशिचानेकशास्त्रार्थ
विमर्शावसादितासद्दर्शनतया धर्माधिकारस्थितिका
रणमेवोत्सवमनतिशयम्मन्यमानो भगवत्पशुप
तिभट्टारकपादानुगृहीतो बप्पपादानुध्यातः श्र्यंशुवर्मा

## लिपिचित्र १२
### पाटन छिन्नमस्ताको ध्रुवदेवको अभिलेखबाट

भट्टारक महाराज श्रीध्रुवदेव ··· ··· ··· ··· ···
कैलासकूटभवनाद् भगवत्पशुपतिभट्टारकपादानुगृही
तो बप्पपादानुध्यातः श्री जिष्णुगुप्तः कुशली थम्बुगाङ्गुल्मूल
वाटिकाग्रामेषु निवासमुपगतान्कुटुम्बिनःकुशलमाभाष्य
समाज्ञापयति विदितमस्तु भवताम्भट्टारकमहाराजाधिराज
श्र्यंशुवर्मपादैर्युष्मदीयग्रामाणामुपकाराय यो सौ ति
लमक आनीतोभूत्प्रलिसंस्कारा

## लिपिचित्र १३
### पाटन मीननाथको ध्रुवदेवको अभिलेखबाट

सम्यग्ज्ञानादियुक्तः सकलगुणगणं क्षोभयित्वा प्रधानम्
ब्रह्मादिस्थावरान्तञ्जगदिदमखिलं योसृजद्विश्वरूपम्
आजीव्यं सर्व्वपुंसाञ्झिरितरुगहनं यःकरोत्येकरूपम्
पायात्सोद्य प्रसन्नःस्मरतनुदहनश्छत्रचण्डेश्वरो वः
स्वस्ति श्री जिष्णुगुप्तस्य प्रवर्द्धमानविजयराज्ये
आचार्य भगवत्प्रनर्द्दन प्राणकौशिकेन भगवतः
श्छत्रचण्डेश्वरस्य

## लिपिचित्र १४

### पशुपतिवज्रघरको नरेन्द्रदेवको अभिलेखबाट

भूमिपालास्तैरप्युभयलोकनिरवद्यसुखार्थिभिः पूर्वराजवि
हितोयं विशिष्टःप्रसाद इति प्रयत्नतस्सम्यक् परिपा
लनीय एव यतो धर्मशास्त्रवचनम्बहुभिर्वसुधा दत्ता
राजभिस्सगरादिभिः यस्य यस्य यदा भूमिस्तस्य तस्य
तदा फलमिति स्वयमाज्ञा दूतकश्चात्र भट्टारक श्रीशि
वदेवः

## लिपिचित्र १५

### पाटन मीननाथको अभिलेखबाट

पूर्वराजस्थितिपरिपालने व्यवहितमनोभिर्भाव्यं यथाचाह ये
प्राक्तनावनिभुजां जगतीहितानां धर्म्यां स्थितिं स्थितिकृतामनुपा
लयेयुः

### पशुपतिको द्वितीय जयदेवको अभिलेखबाट

अन्तर्दूरसातलाश्रितमतेर्दैवप्रभावश्रिया
किं क्षीरस्नपनं विधातुमुदितःक्षाराणवस्याम्भसः
विष्णोःपातालमूलफणिपतिशयनाक्रान्तिलीला सुखस्था
दाज्ञां प्राप्योत्पतन्त्या स्त्रिपुरविजयिनो भक्तितोभ्यर्च्चनाय

## लिपिचित्र १६

### राष्ट्रिय अभिलेखालय प.ल.नं. ८३१ को स्कन्दपुराणबाट

सापुज्याश्रृणुयाद्विकाः सेवनाद्योगसंसिद्धिः मोक्षञ्च परमं लभेत्
आद्यम्पुराणममतो द्विजवृषां मनोश्वानुवाद परम् देव्याश्चापि महाप्र
भावकथमसर्वागमरन्वितम् स्कन्दस्य ··· वविजन्म · प्नुयुः ··
न्द्रैरसुरेन्द्रपक्षविवुधैः सिद्धैर्द्विजेन्द्रैरपि । शम्भो वोधितसर्वभावह
दयं यं येरयं सेवितः सर्वता ज्वालदर्कवाल्हत्रपुवस्त्यक्षःशश ङ्का
न्विषःदेवस्यानुचरा । वसुगण व ··· ··· देवदेवस्य भक्ताः
तत इह परमन्तम्प्राप्य योगम्मुनीन्द्रा । परमभाजारमन्तम्प्राप्य
थेषाधिवासमिति ॥०॥ आर्ष्यैस्कन्दपुराणसंयोगविधि समाप्तः

# प्राचीन नेवारी लिपि

## लिपिचित्र १८

### विक्रमको दशौं शताब्दी

### राष्ट्रिय अभिलेखालय प.ल.नं. १६४७ को लङ्कावतारबाट

नेन त्रिष्कालान्त्रिविधस्तथा ॥ पीतरक्तप्रकारैस्तु पूजयेद्रक्तलोचन । रक्ता ङ्गमेकवचनं द्विभुजञ्च द्विलोचनम् ॥ रक्तांवरधरं रौद्रं तृज्वालदण्डधारिणां अर्घादी पूर्ववत् दद्याद्रुतीं च जले तथा॥पूर्ववत्पूजयत्सर्व्वम्नमछ्वाचीन्मशे षतः ॥ तृदशाधिकहस्ते हि मण्डलसम्प्रकीर्तितां ॥ पञ्चरङ्गिकसूत्रेण बहिर्धातञ्च वेष्ठिता ॥०॥ अथ राजा धियःसुद्धप्रणाम्याञ्जलिना ब्रवीत् इदानीं छातिरोगस्य स्रोतुमिच्छामि निश्चय। ··· ··· सम्वत् २८ कार्तिकक्र ष्णदिवाष्टम्याम् । सर्वेषु तन्त्रेषु मुद्धृतं सारं लङ्कावतार पुस्तकमिति ॥

## लिपिचित्र १९

### विक्रमको एघारौं शताब्दी

### पाटन सुनधाराको अभिलेखबाट

ॐ सम्वत्सरे शते षष्टे ॥ मासे कार्त्तिके··· ···
नराणाम्परिभोगार्त

## लिपिचित्र २०

### पाटन कुम्भेश्वरको गुणकामदेवको अभिलेखबाट

नमश्श्री ललितेशाय सर्वज्ञ त्रिगुणात्मने देवात्मज वरेशाय भुक्तिमुक्ति प्रदायिने

## लिपिचित्र २१

### भक्तपुर तौमढीटोलको निर्भयदेवको अभिलेखबाट

ॐ स्वस्त्योस्तु ॥ सम्वत् अथह्र चैत्रशुक्लत्रियादस्याम् ॥ ·· ···
महाराजाधिराज श्रीनिर्भयदेवविजयराज्येः ॥ श्रीखपृ ··· ···
शिकवलोतरटोलकवास्तव्य जय चतुपाकन श्रियाधरववकपरक ···
देवस्थानार्थं द्वादसमानिधानि प्रज्ञातयति ॥ तिलकमराण

## लिपिचित्र २२

### पाटन त्यागलटोलको भोजदेवको अभिलेखबाट

ॐ स्वस्ति कैलासवामसिरसि त्रिपथगा···ङ्ककपाल:
भाति कर्ण्णे भुजङ्गफणिमणिकिरणकण्ठश्लिट्कालकूट:
शम्भो:··· मृगेन्द्र हिमगिरिस्तनया वामपार्श्वे निधाय
सेनानी···गणपतिप्रमथै: पान्तु व: चन्द्रमौलि:
राज्ये पुण्यमलङ्कृतयशनिधि: श्रीरुद्रदेवो नृप:
साधुभ्रातृज पुत्र धर्म्मणिरति श्री भोजदेवोपि राट्
तावेतौ शशिभास्करोपमतिथौ सन्दशकाले हनि
नेपाले गहणारविन्दकुमुव श्रीलालितारव्यपुरे

## लिपिचित्र २३

### राष्ट्रिय अभिलेखालय ते.ल नं ३७० को ब्रह्मयामलतन्त्रबाट

इति भैरबस्रोतसि महातन्त्रे विद्यापीठ ब्रह्मयामल नवाक्षर विधा
ने पि ब मते द्वादश साहस्रके एकोत्तरशतिम:पटल: समाप्त: ।।०।।
सम्वत् अच् २ माघशुक्लाष्टम्याम् आदित्यदिने राजाधिराजपरमे
श्वर श्रीबलदेवराज्ये । श्रीपशुपतिवास्तव्य श्रीजयाकरजीवेन ब्रह्म
यामल नाम शास्त्रं लिखितम् ।।

## लिपिचित्र २४

### विक्रमको बाह्रौं शताब्दी

### पाटन थैनाटोलको अभिलेखबाट

षश्वासीति नियुक्तवत्सरशतं प्राप्ता सुपूर्ण्णं सुभा
मूलाबित्ययुता विधिश्च धवलाषाढत्रयोदस्यपि
श्रीप्रद्युम्नमहीपतेश्च सुखवद्राज्यं प्रतिष्ठापिता
तत्राचार्यवरेण सा प्रतिकृती रत्नाकरस्वामिना

### पाटन सुनधाराको अभिलेखबाट

ॐ त्रिभिर्वर्षै: समायुक्ते संवत्सरशतद्वये । वै···
वल सप्तम्यां बुध पुष्योदयशुभे । श्रीयशोदेवभूनाथ:···

नयो धर्मतत्पर: । श्री वामदेव:कृतवान् प्रति···
प्रतिष्ठिता । दिवाकरस्य या···पुरा संकल्पिता मुदा
कर्तुमुनास्तु सततं तेजसि ष्ठिरनुत्तरा ।।०।।

## लिपिचित्र २५

## नरदेवीको जलडोणीको अभिलेखबाट

सम्वत् आ थ १ श्री देवगुप्त
केन प्रनालि दातव्ये

## राष्ट्रिय अभिलेखालय पं. ल. नं. ७४३ को सिद्धान्तसार पद्धतिबाट

इति महाराजाधिराज श्रीभोजदेवविरचितायां सिद्धान्तसारपद्ध
तौ जीर्णोद्धारविधि: समाप्त:

## राष्ट्रिय पुस्तकालय नं. ४८ को पञ्चरक्षाबाट

श्रेयोस्तु ।। सम्वत् आलृ ३ अशुनिशुक्लतृतीयायां ।। श्री नेपालमण्डले राजाधि
राज: परमेश्वर: परमभट्टारक श्रीइन्द्रदेवस्य विजयराज्ये ।। श्रीललित
पुरे श्रीमानीग्वल्के उकुरवु विहाराधिवासिन देय धर्म्मोयं प्रवरमहायानया
यिन श्रीतिलोचनवर्मस्य यदत्र पुण्यन्तद्भवत्याचार्योपाध्याय मातापितृपूर्वङ्ग
मकलसत्वरासे अनुत्तरज्ञानफलाप्रोति ।। कायस्थ देववर्मनेन तत्पुस्त
कोयं लिखितं ।। उदकानलचौरेभ्यो मूसिकेभ्य तथैव च । रक्षितव्यं

## लिपिचित्र २६

## विक्रमको तेन्हौं शताब्दी

## पाटन वलटोलको अभिलेखबाट

ॐ अब्दे याति भुजग्रहाक्षिगुणिते मासे तथा
कार्तिके रुद्राह्वे नृपतौ च शासति भुवं चन्द्रोजया
द्य: सुधी: । पार्श्वे घट्टिकया सहाम्लजलद्रो
णीमिमां दत्तवान् मार्गोन्मार्जनगोष्ठिका
सु निहितं क्षेत्रञ्च वृरोपणं ।। तरघट्टि
कापटलाच्छादनाय च शिवका चतुष्टयम् ।।

## लिपिचित्र २७

### भक्तपुर क्षमाहिटी टोलको अभिलेखबाट

ॐ स्वस्ति । ऋतुग्रहसमायुक्ते सम्वत्सरशतद्वये ।
ज्येष्ठमासासिताष्टम्यां राज्ये श्रीमृतभूपते: ।।
भ्रातुर्विजयदेवस्य स्वर्गसम्प्राप्तिहेतवे
श्रीविशाखादिदेवेन जनन्या मधुकश्रिय: ।।०।।
आज्ञां सृजमिवाधाय मूर्ध्ना दोलाचलस्थिते: ।
कृष्णस्य विधिवद्भक्त्या विष्णोरर्चा निवेदिता ।
पुण्येनानेन लोकोयं सुखी भवतु सर्व्वदा ।
परार्थकरणायैव प्रवृत्तिर्हि महात्मनां ।।०।।

## लिपिचित्र २८

### राष्ट्रिय पुस्तकालय नं. ७०१ को बृहज्जातकबाट

टीकेयं सक्षिप्ता होराशास्त्रे वराहमिहिरकृते भट्टोत्पलेन . . .इति
सम्वत् ३०५ प्रथमाषाढशुक्ल तृतीयायां ।। आदित्यवासरे । पुष्यनक्षत्रे ।
राजाधिराज श्रीमानेश्वर परमभट्टारक श्रीमद्गुणकामदेवस्य राज्ये लि
खितमिति ।। भट्टदेवज्ञज नेपालकस्य पुस्तमि . . . . . . .

## लिपिचित्र २९

### देउपाटन सरस्वतीको अभिलेखबाट

ॐ कन्या विजयपालस्यामृतश्रीनामसोभना
कालस्य वसमापंना अलब्धोद्वहनक्रिया ।
नत्सोकाकुलितैरेभि: पितृमातृभिदु:खितै:
समुन्निनीषया तस्या शिवसायोज्यकारणात् ।।
रषपत्यग्निसंख्याते प्राप्ते सम्बच्छरे शुभे
मास्याषाढे शिताष्टम्यां हस्तर्क्षे बुधवासरे ।
स्थापिता श्रीमहागौरी भोगामोक्षसमीहया
निर्मितानन्दपालेन शिल्पिना शुभजन्मना

## लिपिचित्र ३०

## विक्रमको चौधौं शताब्दी

## राष्ट्रिय अभिलेखालय ते.ल.नं. ३६७ को पञ्चरक्षाबाट

ॐ नमो भगवत्यै आर्यमहामाहसूप्रमर्दन्यै । एवम्मया श्रुतमेकस्मि
न्समये भगवान्राजगृहे विहरतिस्म । गृध्रकूटे पर्वते दक्षिणे पार्श्वे
बद्धगोचरे रत्नवृक्षप्रभासे वनषण्डे महता भिक्षुसघेन सार्द्धमर्द्धत्र–
योदशभिर्भिक्षुशतैः ।।

## लिपिचित्र ३१

## देउपाटन टुटे धाराको अभिलेखबाट

श्रियोऽस्तु सम्वत् ४३७ फाल्गुनबधि २ राजाद्धिराज श्री श्री जयान
न्ददेवस्यःधर्मविजं भवति । रगुवंशावतार श्री श्रीजयरूद्रमल्ल
देवस्यः लफधवरिषराजें भर्तातः श्री देवगोब्राह्मना पात्रानां सुखाय
भवति । यजमान भवति किच्छावतार राजव्येद्य मलोतारोस म
नो वांच्छा शिद्धिरस्तु पूर्व्वदिवंगतपितादीना स्वर्गलोक संप्राप्तमन्तु ।
वारिश्च प्रतिगृह्लाति जस्तु वारि प्रयच्छति उभौ दौ पून्यकमानौ नियत
स्वरगगामिनौ शुभ

## लिपिचित्र ३२

## विक्रमको पन्ध्रौं शताब्दी

## पाटन सुनधाराको अभिलेखबाट

ॐ नमःशिवाय ।। अथः श्रीकलिगतवर्ष ४४०५ श्रीविक्रमराजवर्ष
१४६१ श्रीसकराजवर्ष १३२६ श्रीमन्तःनेपालिकः श्रियोऽस्तु ।।
सम्वत् ५२४ चैत्रकृस्न ।। अष्टम्यायां तिथौः ।। उतराषाढनक्षत्रे ।।
साध्ययोगे ।। वृहस्पतिवाशरे ।। युवराजराजाधिराजश्रीश्री म
ज्जय धर्ममल्लदेवस्य विजयराज्ये ।। श्री श्रीकुमारदेवताधिष्ठित

## लिपिचित्र ३३

## फर्पिङ खासिटोलको अभिलेखबाट

ॐ शुभश्रेयोऽस्तु सम्वत् ५२७ फाल्गुनशुक्लतृतीयायां तिथो रेवतीन
क्षत्रे ।। शुक्लयोगे ।। शुक्रवाशरे ।। समस्तप्रक्रियासमलंकृतयुवराजा
धिराज श्री श्रीमज्जय धर्ममल्लदेवस्य विजयराज्ये ।। श्रीश्रीकंकेश्व
रीवरलब्धप्रसादेत्यादिविरुदावलीविभाजमानसमस्तप्रक्रियासम

लंकत रावुत्त श्रीजय जैत्रसिंहदेव ॥ तथा रावुत श्रीजय योधसिंह
देव ।। तथा रावुत्त श्रीरामसिंहदेव ॥ तथा रावुत्त श्रीदेवसिंहदेव ॥
एतैं भूपतिभि:संपालिते ।। श्रीशिखरपत्तननगरे ॥

## लिपिचित्र ३४

## विक्रमको सो॒ह्रौं शताब्दी

## पशुतिको सतलमा रहेको अभिलेखबाट

स्वस्ति ।। श्रीसूर्यवंशनृपतिर्जययक्षमल्ल.प्रौढप्रतापभुवनैकमहाप्र–
वीण: । नेपालमंडलविभूषितराजराजो भूयाद्विपक्षमथनो भुवि
सुप्रसिद्ध: ॥ तत्पुत्रा:श्रीमंत:कुमारा:सन्ति ॥ ज्येष्ठ: श्रीजयरायम
ल्लनृपति: श्रीरत्नमल्ल:प्रभु:श्रीमच्छ्रीरणमल्लदेवगुणवान् श्रीराम
मल्लो नृप: ख्यात: श्रीअरिमल्लदेव सुकृती श्रीपूर्णमल्लोवरस्तेषां वैरिग
णा:प्रयांतु निधनं शंभो प्रसादादिह ॥ तद्विजयराज्ये ॥

## लिपिचित्र ३५

## विक्रमको सत्रौं शताब्दी

## राष्ट्रिय अभिलेखालय च.ल.नं. १७९७ को नागरसर्वस्वबाट

राजा धर्म्मरतोऽस्तु निर्जितरिपु: षड्वर्गवश्यो वशी नि:क्लेशा:
कृतिनो भवन्तुमुदिता:सत्काररलाभान्विता: । अन्योन्यप्रियता प्र
सन्नमनस: सव्वत्र सन्तु प्रजा नित्यं तिष्ठतु सर्व्वसत्वनिचयं सं
पूरिता मेदिनी ॥ इति पण्डितपद्म श्रीज्ञानविरचिते नागर
कसर्व्वस्वे सूतोदयो नामाष्टम: परिच्छेद: समाप्त: ॥ ॥ इति
नागरकसर्व्वस्वं परिसमाप्तमिति शिवं ॥ ॥ नाम्ना नागरसर्व्वस्वं
नागराणां रसालय: ॥ श्रीजगज्ज्योतिरीशेन लेखयित्वा प्रयत्नत:
नेपाले पौषराकायां भम्मते खशरस्वरै: ॥ प्रीत्या समर्प्पित:
सिद्धिनरसिंहमहीभृते ॥ शिवमस्तु ॥ ॥

## लिपिचित्र ३६

## विक्रमको अठारौं शताब्दी

## राष्ट्रिय पुस्तकालय नं. १९३ को शतसाहस्रिका प्रज्ञापारमिताबाट

शतसाहस्र्या:प्रज्ञापारमिताया: द्वादश:परिवर्त: । प्रथमखण्ड:
